पुर्चौडी नगरसभाको बैठकमा २०८० साल अषाढ १० गते

आईतबार

नगर प्रमुख श्री दीपक बहादुर बमज्युले

प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/०८१ को

# वार्षीक नीति तथा कार्यक्रम

## पुर्चौडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हाँट, बैतडी

# पुर्चौंडी नगरपालिका

हाँट, बैतडी

# बार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०८०/०८१

२०८० साल असार १० गते

पुर्चौडी नगरपालिकाको बाह्रौ नगर सभाका सम्मानित र गरिमामय सदनमा उपस्थित सभा सदस्यज्युहरु,

नेपाली जनताको लामो समय सम्मको प्रतीक्षा, दश बर्षे जनयुद्ध, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन पश्चात नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्न दुई पटक सम्म भएको संविधान सभाको निर्वाचन बाट जनताका प्रतिनिधिले ऐतिहासिक संविधान सभा मार्फत नेपालको संविधान निर्माण गरी जारी भइ सकेर हाल संघीयता कार्यान्वयनको चरणमा रहेका छौं । मुलुकमा विद्यमान सामन्ती, निरंकुश ,केन्द्रकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका विभेद, असमानता र उत्पिडनको अन्त्य गरी समावेशी र सहभागीता मुलक विकास गर्ने संकल्प गरिएको छ । संविधानले सुनिश्चित गरेका प्रावधान बमोजिम मुलुकमा ७५३ स्थानीय सरकारहरु दैलोको सरकार तथा आगनको सरकारको रुपमा जनताको सबैभन्दा नजिकको सरकारको रुपमा क्रियाशिल रहेका छन । आज हामी पुर्चौडी नगरपालिकामा स्थानीय सरकारको रुपमा रही यो सम्मानित सदनमा आ.ब. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित अनुभुति गरेका छौं ।

देशलाई यस अवस्थामा ल्याइ पुर्याउन आफ्नो जीवन वलिदान गर्ने सम्पुर्ण महान शहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापनार्थ अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तित्वहरु लाई स्मरण गर्न चाहन्छौं ।

भौगोलिक विकटताका कारण प्रयाप्त भौतिक पुर्बाधार र औधोगिक बिकास नभएकाले हाम्रो पालिकाभित्र आन्तरिक आय लक्ष्य अनुसार हासिल गर्न कठिनाई छ । स्थानीय सापेक्षतामा रोजगारीका अवसरका क्षेत्रहरुको पहिचान र कार्यान्वयन हुन नसकेकाले आन्तरिक रोजगारी कमजोर अवस्थामा छ । नेपालको संविधानले प्रत्याभुत गरेको व्यवस्था अनुसार स्थानीय सरकार मार्फत सिंहदरबारमा केद्रित शासकिय शक्तिलाई जनताको घरदैलोमा आएको ६ बर्ष पुरा भइसकेको यस अवधिमा स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भएकोले स्थानीय सरकार संचालनमा केही अस्पष्टता तथा चुनौतीहरु देखिन्छन, तथापी हाम्रो नगरपालिकाले जनतालाई सहज ढंगले सेवा प्रवाह गर्न अधिकतम प्रयास गर्दै आएको छ ।

नगर सभाका सदस्य ज्युहरु,

अब म यस सम्मानित सदनमा आ.ब.२०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम लाई बुदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

(क). <u>आर्थिक विकास क्षेत्र:</u>

१. वेरोजगार युवा तथा विदेशमा श्रम गरि स्वदेश भित्रिएका युवाहरुको सिप र श्रमको उपयोग गरी कृषि पेशमा संलन्न हुन चाहने कृषकहरु

लाई बेमौसमी तरकारी खेतिको आवश्यक पुर्वाधारहरुको निर्माण गर्न अनुदान मुलक कार्यक्रम संचालन गरिनेछ ।

- कृषि उत्पादन वृद्धि गरि आयातलाई प्रतिस्थापन गरि निर्यात प्रबर्द्धनका लागी कृषि सम्वन्धी ज्ञान तथा सिप हासिल गरेका कृषि पेशामा रहेका संलगन हुन चाहाने युवा तथा व्यवसायी हरुको लागी मागमा आधारित व्यवसायीक कृषि बिकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गर्न कृषि पकेट क्षेत्र निर्माण गरिने छ।

- पशु चौपायाहरुमा देखिएको लम्पी स्किन डिजिज जस्ता महामारीहरुको निवारण गर्न आवश्यक आर्थिक तथा प्राविधिक व्यवस्थापन गरि प्रभावित क्षेत्रका किसानहरुलाई आवश्यक राहातको व्यवस्था गरिनेछ ।

- परम्परागत रुपमा गर्दै आएको निर्वाहमुखी कृषि प्रणाली लाई व्यवसायीक बनाउदै औद्योगिक बालीको विस्तार गर्दै लगिनेछ।

- स्थानीय सिप र पुजिंको समुचित परिचालनको लागी बास, निगाला खेति लगायतका अन्य व्यवस्याय प्रवर्द्धन गर्न लघु उद्यम प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

- महिलाको उद्यमशीलता विकासका लागि उद्यमी महिला लक्षित कार्यक्रम संचालन गरिनेछ । र परम्परागत रुपमा संचालित छाला जुता निर्माण, बाँस तथा निगालो (चोयो) सामग्री उत्पादन, हेयर कटिङ, आरन सुधार ईत्यादी जस्ता व्यवसायहरुलाई आधुनिक र प्रविधीमैत्री बनाई व्यवसायीकरण गर्न आवश्यक कार्यगत, नीतिगत, कानुनी तथा वजेटगत व्यवस्था गरिनेछ।

- नगरवासीहरुमा उद्यमशिलता प्रवर्द्धन मार्फत व्यवसायिक बनाई प्रत्येक वर्ष उत्कृष्ट कृषक तथा उत्कृष्ट उद्यमी छनौट गरि प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।

- स्वरोजगार प्रवर्द्धन मार्फत रोजगारी सृजना गरि गरिबी निवारण गर्न स्थानीय स्तरमा उपलब्ध रिठा, रम्बाँस, तथा अल्लो प्रशोधन, अगरवत्ती उत्पादन ईत्यादीलाई व्यवसायीकरण गरिनेछ ।

- नगरपालिकामा रहेका स्लेटखानी, फलामखानी ईत्यादी जस्ता विभिन्न खानीहरुको उत्खनन कार्य गर्न आवश्यक प्राविधिक तथा वजेटगत व्यवस्था गरिनेछ ।

- विगत आ.व.हरु देखि नै संचालन हुदै आएको साना सिचाई कार्यक्रम लाई थप विस्तार गर्दै योजनाहरु संचालन गरिनेछ र एक वडा एक उत्पादन को नीति अवलम्वन गरिनेछ ।

- उद्योग बाणिज्य संघ तथा अन्य सरोकारवाला निकायसंग समन्वय गरी स्थानीय ब्यापारको प्रवर्द्धन तथा हाट बजार ब्यवस्थापनको उचित प्रवन्ध गरिनेछ । ब्यवसायिक फर्मको दर्ता, अनुमति र नविकरण जस्ता कार्यलाई आधुनिकीकरण गरीनेछ ।

## (ख). सामाजिक विकास

- मानव संशाधन विकासको मुख्य आधार नै शैक्षिक गुणस्तर भएको हुदा पुर्चौडी नगर शिक्षा योजना तर्जुमा गरि प्रभावकारी रुपा कार्यान्वयन गर्दै लगिने छ ।

- आजको सुचना र संञ्चार प्रविधिको युगमा पनि ईन्टरनेटको पहुँच बाट टाढा रही समय सापेक्षित शैक्षिक गुणस्तर हासिल गर्न नसकेको

पुर्चौडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

परिस्थिति लाई मध्यनजर गर्दै - सवै विद्यालय हरुमा इन्टरनेटको पहुचँ विस्तार गरिनेछ।

- प्राविधिक सीप विकास गरि स्वरोजगारी सृजना गर्न प्राविधिक धारका विद्यालयहरु संचालनमा जोड दिईनेछ।

- नगर स्वंयमसेवक शिक्षकहरुलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ।

- गत आ व देखि लागु गरिएको निशुल्क माध्यमिक शिक्षा (१-१२) कार्यक्रमलाई यस आ व मा पनि निरन्तरता दिईनेछ।

- खानेपानी सुविधा नपुगेका बस्ती तथा टोलमा आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउन ग्रामिण जलस्रोत परियोजना र युनिसेफसगंको साझेदारीमा खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम लाई निरन्तरता दिईनेछ।

- असहाय तथा अनाथ बालबालिकाहरुको व्यवस्थापन तथा पुनस्थापनाका लागि अनाथालय स्थापना गरि उचित शिक्षाको व्यवस्था गरिनेछ। र हिँसा पिडित असहाय महिलाहरुका लागि आयआर्जनका क्रियाकलापमा संलग्न गराउन उचित तालिम प्रदान गर्ने कार्यको लागी सुरक्षित महिला उधमी घर निर्माण गरिने छ।

- समाजमा पछाडी परेका दलित, महिला, अपाङ्ग ईत्यादी जस्ता पिछडा वर्गहरुको शसक्तिकरणका लागी लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन र अन्य रोजगारमुलक कार्यक्रमहरु संचालन गरिनेछ।

- महिला हरुको उधमशिलता प्रवर्द्धनका लागी सिलाई कटाई सम्वन्धी तालिम संचालन गरिने छ ।

- बालबालिकालाई बिपदबाट जोगाउन विद्यालय तथा समुदायस्तरमा बालबालिका लक्षित बिपद जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ र पूर्वाधार संरचनाको निर्माण गर्दा बालमैत्री बनाउन जोड दिईनेछ । साथै प्रत्येक विद्यालयहरुमा नियमित रुपमा विद्यार्थी तथा शिक्षकहरुको स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकामा सार्वजनिक पुस्तकालय तथा वाचानालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

- निरन्तर औषधि सेवन गरिरहेका जेष्ठनागरिक तथा दीर्ध रोगीहरुका लागीहरुको औषधी उपचार सहायता प्रदान गरिने छ ।साथै नगरपालिकाका सम्पुर्ण कर्मचारी तथा जनप्रतिनिधीहरुका लागि स्वास्थ्य बीमा कार्यक्रम लागु गरिनेछ ।

- नगरपालिका भरिका १० वटै वडाहरुमा रहेका वर्थिङ सेन्टर तथा स्वास्थ्य सेवा ईकाइहरुबाट प्रवाह हुने स्वास्थ्य सेवालाई सेवाग्राहीमैत्री र गुणस्तरिय बनाउन सम्बन्धित निकायहरुसँग आवश्यक सहकार्य गरि सँस्थागत सुदृढिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

- जेष्ठ नागरिक माथि हुने हिंसा र दुर्ब्यवहार हटाई सम्मानजनक जीवनयापनको वातावरण निर्माण गर्न, जेष्ठ नागरिक सम्मान लगायतका कार्यक्रम संचालन गरिनेछ र जेष्ठ नागरिक दिवस मनाउने ब्यवस्था गरिनेछ ।

- स्थानीय तहका पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाउदै सेवा प्रवाहमा पहुँच पुर्याईनेछ । अपाङ्गता भएका नागरिकलाई सिप र स्वरोजगार कार्यक्रम तथा सहयोगी सामाग्री वितरण जस्ता बहुआयामिक कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा तथा स्वास्थ्य सेवामा समाजिक संघ संस्थाहरुको सहभागितालाई प्रोत्साहित गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रत्येक वडाहरुमा स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ ।

- अपांगता भएका व्यक्तीहरुलाई सम्मानजनक जीवनयापनका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछन साथै अपाङ्गमैत्री सेवा प्रवाह र संरचनाहरुको विकासमा जोड दिईनेछ ।
- विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन **"हेलो मेयर हामी विद्यार्थी"** कार्यक्रम लागु गरि सहभागितामुलक र बालमैत्री शिक्षा प्रणाली अवलम्वन गरिनेछ ।
- युवाको खेलकुद प्रतिको आकर्षणलाई मध्यनजर गरी युवा प्रतिभाको विकास गर्न खेलकुद पूर्वाधार विकास, कार्यविधी निर्माण, वजेट व्यवस्थापन तथा खेलाडीलाई पुरस्कार र सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रभित्र खेलिने विभिन्न किसिमका खेलकुदहरुको प्रर्वद्धन गर्नका लागि विद्यालय तथा क्लवहरुसंगको समन्वयमा खेलकुद कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु संचालन गर्दा गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरुसँग समन्वय एवं सहकार्य गरिनेछ । गैर सरकारी संस्थाका क्रियाकलापलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन उनीहरु समेतको सहभागितामा आवश्यक कानूनी एंव संस्थागत व्यवस्था गरिनेछ ।
- नगर भित्र कार्यक्रम तथा योजना संचालन गर्न चाहने गैर सरकारी संस्थाहरुले नगरपालिका बाट पूर्वस्वीकृति लिनु पर्ने व्यवस्थामा थप कडाई गरिनेछ । यस्ता संस्थाहरुको कार्यको नियमन, अनुगमन र मुल्यांकन गर्ने पद्धतीलाई संस्थागत गरिनेछ ।

- यसैगरी नगरपालिकाको पशुसेवा शाखा, कृषि बिकास शाखा र सामाजिक विकास शाखा मार्फत सम्पादन हुने क्षमता बिकास तथा सीप मुलक तालिमलाई रोजगार सेवाकेन्द्रसंग समन्वयगरी सुचिकृत बेरोजगारहरुलाई

पहिलो प्राथमिकता दिएर सञ्चालन गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।

- स्थानिय स्तरमा रोजगारीको प्रवर्द्दनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिने नीति लिइनेछ ।

- बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

- आन्तरिक रोजगारी पर्वद्धन दक्ष जनशक्ति तथा सिपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरुको समुचित विकास गर्न यस पुचौंडी नगरपालिकाले "पाँचवर्षे रोजागर रणनिति २०८०" बनाई लागु गरिनेछ ।

- न्युनतम रोजगारीको प्रत्याभुति हुनेगरी प्रधानमन्त्री रोजगार कार्यक्रम अझ प्रभावकारी रुपमा अघि बढाउन सामुदायिक योजानहरुमा पालिकाको लागत साँझेदारी गरिनेछ,वडा तहमा समेत लागत साझेदारी गरि रोजगारीको प्रर्वद्धन गरि भौतिक पुर्वाधारको विकास गरिनेछ ।

- स्थानियस्तरमा रोजगारीको सृजना तथा प्रर्वद्धनको लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गर्ने निति ल्याईने छ।

- न्युनतम युवा लक्षित व्यावसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछ, जसमा नविनतम व्यवसाय गर्ने युवाहरुलाई कार्यविधि बनाई नवप्रर्वद्धनकारी व्यावसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम ल्याईनेछ।

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको ज्ञान, सिप र प्रविधि समेटिएको व्यवस्थित वडा गत तथ्याङ्कको अभिलेखिकरण गरिनेछ।

- श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरल, शुलव तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गरिनुका साथै वैदेशिक रोजगारको अवसर प्राप्त गर्न सहजिकरण गर्न व्यवस्था मिलाईने छ।
- एकल परुष भत्त वितरण कार्यक्रमलाई यस आ.व. मा पनि निरन्तरता दिईनेछ।

## (ग) पूर्वाधार विकास

- गत आ.व. देखि अभियानको रुपमा थालनी गरिएको उज्यालो पुचौंडी बनाउने कार्यको निरन्तरताको लागि नेपाल प्राधिकरणको राष्ट्रिय बिधुत प्रशारण लाइन संग जोडिनको लागि आवश्यक रकम विनियोजन गरिनेछ। र आवश्यक आर्थिक प्राविधिक सहयोगको लागि स्थानीय विद्युत सहकारीहरुसँग साझेदारी गरिनेछ।

- सडक विकासको मेरुदण्ड हो । सडक विकास नभए सम्म अन्य विकासका सम्भावनाहरु उजागर हुन सक्दैनन् भन्ने यर्थाततालाई मनन गर्दै संघिय पुर्वाधार विकासमा नगरपालिकाको पहिलो ध्यान सडक संजालमा हुनेछ । नगरपालिका केन्द्र संग प्रतक्ष जोडिने १० वटै वडाका मुख्य बाटोहरुलाई पहलो प्राथमिकता साथ स्तरोन्नती गर्ने कार्यको थालनी गरिनेछ । यस का लागी आवश्यक रकम विनियोजन गरिनेछ ।

- यस नगरपालिका अन्तर्गत संचालित पुल हरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

- नगरबस संचालनमा ल्याई नगरभित्र संचालन हुने सार्वजनिक यातायातको रुट तथा भाडादर निर्धारण गरी नियमन गरिनेछ ।
- सार्वजनिक यातायातलाई लैंगिक तथा अपाङ्गमैत्री बनाउन जोड दिइनेछ ।
- वर्षादका कारण अवरुद्व हुने सडक लाई सुचारु गरि यातायात संचालन गर्न सडक मर्मत गरि यातायात सुचारु गरिने छ ।
- आगामी आर्थिक बर्षबाट नगरपालिका कार्यालयको लागी सहजतापूर्वक सेवा प्रवाह गर्न प्रशाशनिक कार्यको लागि आधुनिक सुविधायुक्त भवन निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

- नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भवन संहिता समेतलाई आधार मानि पुचौंडी नगरपालिकाको भवन निर्माण ऐन, तर्जुमा गरिनेछ ।

- घरवार विहिन नागरिक हरुको घर निर्माणको लागी नागरिक आवास कार्यक्रम लाई निरन्तरता दिनेछ।

- नगरको अद्यावधिक डिजिटल (Digital) प्रोफाईल तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- वडाको विकासमा टोल सुधार समितिलाई प्रोत्साहान गरिने नीति अवलम्बन गरिने छ ।
- भैगोलिक दुरताका हिसाबले जिल्ला मालपोत र नापी कार्यालय निकै टाढा रहेकाले नगरवासी नागरिकहरुले खेप्नु परेका समस्याहरुलाई मध्येनजर गर्दै यस नगरपालिकामा मालपोत र नापी शाखा स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- नगरपालिकामा गठित भू उपयोग समितीको कार्यक्षमता सुदृढिकरण गर्न आवश्यक कार्यगत, नीतिगत तथा कानुनी पहल गरिनेछ ।
- सुदूर पश्चिम प्रदेशकै प्रसिद्ब धार्मिक तथा ऐतिहासिक महत्व बोकेका स्थानीय धार्मिक तथा सास्कृतिक सम्पदा एवं मठमन्दिरहरुको सरक्षण समबर्द्धन गर्दै दीर्घकालिन बिकासका लागि गुरुयोजना तर्जुमा गरिनेछ ।
- गत आ व देखि संचालन गरिएका पुर्चौडी नेत्रालय तथा आयुर्वेदिक शाखाको सँस्थागत सुदृढिकरण तथा व्यवस्थापनको लागि आवश्यक कानुनी एवं वजेटगत व्यवस्था गरिनेछ।
- निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको आधारभुत अस्पतालको निर्माण कार्य यसै ,आ व भित्र सम्पन्न गरि सेवा संचालन तथा व्यवस्थापन गर्न आवश्यक नीतिगत, सँस्थागत तथा अन्य व्यवस्थापन गरिनेछ ।

## (घ). वन, वातावरण तथा विपद् व्यवस्थापन

- माहामारी, विपद ईत्यादीका कारण सिर्जित आपतकालिन परिस्थितिको सामना गर्न प्रकोष व्यवस्थापन कोष स्थापना गरिनेछ। र पिडितलाई सो कोषबाट यथाशिघ्र राहात उपलब्ध हुने व्यवस्था गरिनेछ ।

- वन क्षेत्रको संरक्षण तथा संवर्द्धनको लागि नगरपालिका क्षेत्रमा रहेका वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गरि दर्ता गर्ने र उपभोक्ता समिती मार्फत सामयिक वृक्षारोपण गर्ने नीति लिईनेछ ।
- पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य सहित विभिन्न महामारी तथा आपतकालिन विपद बिरुद्द लड्न, कोरोना जस्ता प्राणघातक भाइरसको नयां संक्रमण दरलाई रोकथाम गर्न, विभिन्न रोगहरुबाट संक्रमितहरुको समयमा नै उपचार गरी मृत्यु हुन बाट जोगाउन र विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवाको लागि नगरपालिकाले गत आ व मा व्यवस्था गरेका एक जना MBBS चिकित्सकको सेवा प्रवाह कार्यलाई यस आ व मा पनि निरन्तरता दिइने छ ।
- वडास्तरमा समेत विपद् व्यवस्थापन समितिको गठन गरी समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका कार्यहरु संचालन गरिनेछ **र** विपद् व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, उद्योग बाणिज्य संघ लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघ संस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी वढाइनेछ ।
- विपद् व्यवस्थापनको कार्यमा संलग्न स्यमसेवकहरु, कर्मचारी तथा पदाधिकारीको क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । नगरस्तरीय विपद् व्यवस्थापन कोषलाई क्रियाशील बनाई उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्ने नीतिंलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी/प्रतिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत

लगत लिई व्यवस्थित गरिनेछ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई नगरपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

- नगरपालिका भरीका सार्वजनिक स्थलहरुमा रहेको फोहोर व्यवस्थापन गर्न आवश्यक नीतिगत, कार्यगत तथा अन्य व्यवस्था गरी सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास :

- नगरपालिका भित्र सुशासनको प्रर्वद्धन एंव भ्रष्टाचारमा शून्य सहनशिलताको नीतिलाई आगामी आर्थिक वर्षमा थप व्यवस्थित वनाईनेछ ।
- आम्दानी तथा खर्चको विवरण समय समयमा सार्वजनिक गरी सोको बिवरण वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाईनेछ । वित्तीय जोखिम न्यूनिकरणका लागि कार्ययोजना बनाई कार्यान्वयन रिनेछ ।
- स्थानीय सरकारको सबलीकरण, सुशासन प्रर्वद्धनका विधि र औजारको प्रयोग गरि भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- प्रत्येक योजना तथा कार्यक्रम संचालन गर्दा कार्यविधी वनाई निश्चित मापदण्ड वमोजिम संचालन गर्ने तथा कार्यालयबाट भए गरेका कामलाई पारदर्शि गर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।
- कर्मचारीको मनोवल उच्च बनाउन स्पष्ट मापन योग्य सूचक सहितको कार्यसम्पादनमा आधारित रहि अतिरिक्त सेवा र समयको आधारमा स्थानीय सुविधा प्रदान गरिनेछ ।
- कर्मचारिको उत्कृष्ट कार्यसम्पादनको आधारमा एक जना कर्मचारी लाई वर्षभरिमा छनौंट गरि पुरुस्कार सहित सम्मान गरिनेछ ।

- कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्च अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।
- घरनक्सा पास, घर तथा भवन अभिलेखन र राजस्व संकलन गर्ने कार्यलाई प्रभावकारी ढंगले सेवा प्रवाह गर्न आगामी आर्थिक वर्षबाट सेवाको थालनी गरीनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने कार्यालकय उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- नगरपालिकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन विद्युतीय कवोल (E-Bidding )को माध्यम बाट गरिदै आएको ठेक्का प्रक्रियालाई निरन्तरता दिईनेछ ।
- सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सवै आयोजना र कार्यक्रमहरुको सार्वजनिक परिक्षण गरिनेछ ।
- उपभोक्ताहरुको सहजताको लागि सम्बन्धित वडा कार्यालयहरुबाटै योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्ने गरी संचालन गरिएको भुक्तानी शिविर अभियानलाई निरन्तरता दिइनेछ ।
- आन्तरिक लेखा परिक्षण पद्धतिलाई प्रभावकारी वनाइनेछ । वेरुजु हुन नदिने र भएकालाई शिघ्र फछ्र्यौट गर्ने प्रक्रिया अवलम्वन गरिनेछ ।

- विधुतीय माध्यमबाट संचालन भईरहेको नगरपालिकाका सेवा प्रवाहलाई थप परिमार्जन सहित निरन्तरता दिईनेछ ।
- कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । वेभसाईटलाई नियमित रुपमा अद्यावधिक गरी नगरको बस्तु स्थिति झल्किने खालका सूचनाहरु निरन्तर सार्वजनिक गरिनेछ ।
- अनलाईन प्रणाली मार्फत गुनासो दर्ता र सोको फर्छ्यौटको जानकारी दिने व्यवस्थाको क्रमशः विकास गरिनेछ ।
- पुर्चौडी नगरपालिकाको आधिकारीक वेभसाइटको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यक्रम अनलाइन मार्फत् नागरिकले निवेदन गर्न सक्ने गरी वडा तहवाट कार्यान्वयन गरि प्रभावकारी वनाउदै अन्य सेवाहरु समेत अनलाइनवाट उपलव्ध गराउने नीति लिइनेछ ।
- नगरपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शी र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमशः CCTV जडान गरिनेछ ।

- नगरका गतिविधिहरु नगरवासी समक्ष पुर्‍याउन उप नगरको मुखपत्रको रुपमा त्रैमासिक नगर वुलेटिन प्रकाशन गरिनेछ । रेडियो तथा टेलिभिजन मार्फत् नगर गतिविधि प्रसारण गरिनेछ ।
- विद्युतीय हाजिरीलाई सुशासन पारदर्शिता र जवाफदेहिता प्रर्वद्धनमा थप प्रभावकारिता ल्याइनेछ ।
- नागरिक सेवालाई छिटो छरितो र सरल बनाउन विभिन्न प्रकारका फारमहरु अनलाइन प्रणालीबाट समेत उपलब्ध गराइनेछ । सेवा प्रवाहमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय तथा गर्भवती महिलालाई बिषेश प्राथमिकता दिईनेछ ।
- अभिलेख व्यवस्थापनका कार्यहरु सूचना प्रविधिमा आधारित हुनेछ ।

- आन्तरिक राजस्वको दायरालाई थप विस्तार गराई नगरपालिकालाई समृद्ध बनाउन आन्तरिक आयका स्रोतहरुको संभाव्यता अध्ययन, राजश्वका दायरा विस्तार, राजस्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र संघ सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गरि राजश्व परामर्श समिति मार्फत आन्तरिक आय तथा राजश्व संकलनका क्षेत्र पहिचान र कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्ने र राजश्व संकलन तथा त्यसको परिचालन/व्यवस्थापन न्यायोचित, प्रविधिमैत्री तथा मितव्ययी बनाउने नीति अबलम्बन गरिनेछ ।
- बजार अनुगमन निर्देशिका बमोजिम पालिका भित्रका व्यापार व्यवसाय दर्ता, नवीकरण र मूल्य सूची कायम गर्ने प्रणाली स्थापित गर्दै सबै प्रकारका व्यापार व्यवसायलाई करको दायरामा ल्याइने छ ।
- सामुदायिक वन उपभोक्ता समिति मार्फत संकलित आम्दानीको १० प्रतिशतले हुन आउने रकम पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ ।
- नगरपालिकालाई आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरिनेछ । संकलित तथ्याङ्कहरुको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिने छ । योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसंग आवद्ध गरिने छ । नगरपालिका पार्श्वचित्रका तथ्याङ्कहरुलाई अद्यावधिक गर्दै लगिनेछ ।
- नगरपालिकाका आवधिक योजना र बजेट वीच तादम्यता मिलाई मध्यमकालीन खर्च संरचना तयार गरिने छ ।
- नगर क्षेत्र भित्र व्यापार व्यवसायी संचालन गरि रहेका सम्पुर्ण व्यापारी हरुलाई व्यवसायीक करको दायरामा ल्याईने छ ।
- नगरपालिका बाट संचालित योजना तथा कार्यक्रम हरुको सुचनामा पहुच अभिवृद्दि गरिनेछ। गुनासो सुनुवाई सार्वजिनक सुनुवाई सामाजिक परिक्षण जस्ता कार्यलाई थप प्रभावकारी बनाईने छ ।
- नगरपालिकाको सेवा सञ्चालनसंग सम्बन्धित विद्यमान ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदिको अविलम्ब

कार्यान्वयन गर्ने र अन्य आवश्यक कानुनहरु एवं कार्यविधीहरु तयार गरी लागू गरिनेछ ।

**सभा सदस्य ज्यूहरु,**

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनबाट पुर्चौडी बासीको आर्थिक सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, रोजगारी सिर्जना, राजश्व संकलनमा उल्लेखनीय बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार भई सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमामा महत्वपूर्ण सहयोग गर्नु हुने आदरणिय नगर उप प्रमूखज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यू र सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरु, पत्रकारबन्धुहरु लगायत अमुल्य सल्लाह सुझाव दिनु हुने सम्पूर्ण नगरवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यबाद दिन चाहान्छु ।

धन्यबाद !

दिपक बहादुर बम
नगर प्रमुख